# उपभोक्ता कानून कारवाही कोष

## 1. उपभोक्ता कानून कारवाही कोष के हो?

उपभोक्ता कानूनी प्रक्रिया कोष(“फण्ड”)कानूनी उपायहरुका लागि उपभोक्तालाई आर्थिक तथा कानूनी सहयोगमा विस्तृत पहुँच दिन स्थापित एक गुठी कोष हो । यस कोषले तल दिईएका अवस्थाहरुमा सहयोग प्रदान गर्ने लक्ष्य राख्दछः

(a) उपभोक्ताहरुलाई कानूनी प्रकिया चलाउन वा प्रतिरक्षाका लागि मद्दत गर्नु;

(b) समान कानूनी मुद्दा वा तथ्य भएका दुरुस्तै वा दुरुस्तै विवरणका क्रमहरुका संयुक्त दाबीहरु अगाडि बढाउन उपभोक्ताहरुलाई मद्दत गर्ने;

(c) समान मुद्दाका कारणहरु र दाबी भएका उपभोक्ताहरुलाई प्रशासनिक रुपले समूहगत बनाउने र उनीहरुलाई एकै समय वा लगातार सुनुवाई हुने व्यवस्था गर्ने;

(d) जनहितका लागि कानूनी प्रक्रिया अगाडि बढाउने; र

(e) उपभोक्ता विशेष हितका मुद्दाहरु सम्हाल्ने

उपभोक्ता परिषद (“गुठी/ट्रष्टि”) सो कोष (फण्ड)को गुठीयार हो र यो कोष अन्तर्गत सहयोग खोजिरहेका मुद्दाहरुको व्यवस्थापन समितिद्वारा योग्यता तथा आर्थिक मापदण्डमा सुझाव दिईन्छ ।

कानूनी सहायता एक सुझाव, सहयोग तथा एक सोलिसिटर र काउन्सलद्वारा प्रतिनिधित्वका रुपमा हुन सक्नेछ । कोषअन्तर्गत सहयोग खोजिरहेका मुद्दाहरुले अन्य विवाद समाधानका उपायहरु प्रयोग गरिसकेको (जस्तैः कन्सिलिएशन र मिडिएशन आदि) फलस्वरूप, कानूनी सहायताको रुपमा आवेदकलाई मध्यस्थताका लागि कानूनी प्रक्रियामा सहयोग संलग्न छैन ।

## 2. कानूनी सहायताका लागि कसले आवेदन दिन सक्छ?

तपाईले कानूनी सहायताका लागि कोष अन्तर्गत आवेदन दिन सक्नुहुन्छ, यदि तपाई मुद्दामा संलग्न एक उपभोक्ता वा उपभोक्ताहरुको समूह हुनुहुन्छ जुनः

(a) उपभोक्ता कारोवारहरुसँग सम्बन्धित छन्, विशेषगरीः

(i) बिक्रि हुन नसक्ने वस्तुहरु,खाद्यपदार्थ तथा औषधीहरु सहित;

(ii) बेइमान वा गैरईमान्दार कारोवार अभ्यासहरु;

(iii) अन्यायपूर्ण तथा अत्यधिक करार शर्तहरु;

(iv) उपभोक्ता करारका छुट परिच्छेदहरु;

(v) झुटो वा भ्रामक विज्ञापनका दाबीहरु;

(vi) गलत व्यापार विवरणहरु;

(vii) वस्तुहरु, सेवाहरु वा वास्तविक सम्पत्तिको गलत विवरण वा गलत प्रतिनिधित्व; वा

(viii) महत्त्वपूर्ण उपभोक्ता हितको अन्य कुनै मुद्दा; वा

(b) महत्त्वपूर्ण जनहित वा अन्यायसँग सम्बन्धित,

र तपाईले यस मुद्दासँग सम्बन्धित अन्य सम्पूर्ण विवाद समाधानका उपायहरु अपनाईसक्नुभयो र तपाई कानूनी सेवा (लिगल एड) का लागि योग्य हुनुहुन्न । तथापि, गुठीयार(ट्रष्टि)सँग उचित मुद्दाहरुलाई सहयोग दिने वा अस्विकार गर्ने अधिकार छ ।

3. **सहयोगको लागि आवेदन दिने प्रक्रिया के हो?**

(a) तपाईले पहिले तपाईको मुद्दा हाम्रो कुनै एक उजुरी तथा सुझाव अधिकारीहरुलाई व्यक्तिगत रुपमा, लिखित रुपमा वा टेलिफोनद्वारा हाम्रो कुनै एक सुझाव केन्द्रहरुमा दर्ता गर्न सक्नुहुन्छ । यदि सो मुद्दा हामीले लिन सकेमा, हामी उचित विवाद समाधान विधिहरु अपनाएर यसलाई समाधान गर्ने प्रयास गर्नेछौं । यदि यी उपायहरु असफल भएमा तपाई र तपाईको मुद्दा कोष अन्तर्गत सहायताको लागि योग्य हुनेछ, तपाईले कानूनी सहायताका लागि आवेदन ("आवेदन") भर्न सक्नुहुनेछ । हाम्रो अधिकारीहरुले तपाईलाई आवेदन भर्न र तपाईको प्रश्नहरुको उत्तर दिनुहुनेछ । यो एक गम्भीर मुद्दा हो जहाँ तपाईको कानूनी उपचारहरुको लागि सार्वजनिक कोषहरु प्रयोग गरिन्छ, तसर्थ गुठीयारले तपाईले पूरा, सत्य तथा सहि जानकारीहरु दिने साथै तपाईको मुद्दा अघि, मुद्दा चलिरहँदादेखि निष्कर्षसम्म पुर्याउन तपाईको सहकार्यको अपेक्षा गर्दछ ।

(b) आवेदन दिने समयमा **फिर्ता नपाईने** एक शुल्क तिर्नुपर्नेछ । यदि तपाईको मुद्दा स्मल क्लेम्स् ट्राईब्युनलमा चल्ने हो भने, HK$100 आवेदन शुल्क लाग्नेछ । यदि तपाईको मुद्दा जिल्ला अदालत डिस्ट्रिक्ट कोर्ट वा अन्य उच्च अदालतहरु हाई कोर्टहरुमा चल्ने हो भने, HK$1,000 आवेदन शुल्क लाग्नेछ ।

(c) सहायता प्राप्त उपभोक्तासँग एक सहमति करार ("अग्रिमेन्ट") छ, जुन प्रतिलिपिमा छ र प्रत्येक आवेदनको साथ छ । यो एक महत्त्वपूर्ण कागजात हो जसले तपाईको गुठीयारसँगको सम्बन्ध जनाउँछ, जब तपाईलाई कानूनी सहायताको अनुमति प्राप्त हुन्छ । तपाईले यसलाई ध्यान दिएर पढ्नु जरुरी छ । यदि तपाई यसको प्रावधानहरुसँग सहमत हुनुहुन्छ भने, तपाईले सो करारमा हस्ताक्षर गरी दुबै प्रतिहरु गुठीयारलाई चाँडोभन्दा चाँडो बुझाउनुहोस् ।

(d) कृपया ध्यान दिनुहोस्, आवेदन तथा आवेदन शुल्क बुझाउँदैमा कोष अन्तर्गत सहायता पाउने पक्का हुनेछैन।

4. **अन्य कुन तत्वहरु गुठीयारले विचार गर्नेछन्?**

तपाईलाई सहायता प्रदान गर्ने वा नगर्ने सन्दर्भमा, गुठीयारले विशेषरुपमा तलका कुराहरुलाई ध्यान दिनेछन्

:

(a) एक समूहलाई परेको वा कुनै एक ठूलो समूहका उपभोक्ताहरुलाई प्रतिकूल असर पर्ने सम्भावना छ/छैन;

(b) सो परिस्थितिहरुमा अदालती कारवाही नै सबैभन्दा प्रभावकारी समाधानको उपाय हो कि होईन;

(c) कारवाहीमा हुने खर्चको प्रभावकारिता ;

(d) मुद्दा सफल हुने सम्भावनाहरु;

(e) तपाईको सम्झौता गर्न सक्ने सामर्थ्य;

(f) तपाईको समूह (यदि एक समूह संलग्न भएमा) को साझा तथ्यको सवालहरु वा कानून;

(g) तपाईको समूहको संख्या (यदि लागु भएमा);

(h) संलग्न अन्य पक्षको आर्थिक सुरक्षा;

(i) यदि सफल भएमा, सो मुद्दासँग प्रचार क्षमता छ र उपभोक्ता सिद्धान्तलाई प्रचार गर्न सक्छ साथै बेईमान व्यापारिक अभ्यासहरुमा निराशाजनक असर पार्दछ;

(j) सो मुद्दाले कोषलाई अनावश्यक आर्थिक भार सृजना गर्छ/गर्दैन; साथै

(k) सो मुद्दाको सन्दर्भमा सामयिक सहयोग प्रदान गर्नुको व्यवहारिकता ।

5. **के आवेदकहरुका लागि वित्तिय जाँच (आर्थिक सीमा) गरिन्छ?**

सो कोष अन्तर्गतका आवेदकहरुले सहयोगको लागि योग्य हुनका निम्ति अनिवार्य आर्थिक जाँच भएरै जानुपर्ने जरुरी छैन । तथापि गुठीयारले एक निश्चित मुद्दा लिने वा नलिने निर्णय गर्दा एक आवेदकको आर्थिक स्रोतहरुलाई मध्यनजर गर्न सक्छ । तपाईलाई तपाईको आर्थिक स्रोतहरुको विवरणहरु दिन अनुरोध गर्न सक्छ ।

6. **त्यसपछि के हुन्छ?**

तपाईलाई गुठीयारद्वारा तपाईको सहायताको आवेदन स्वीकृत भयो वा भएन भनि सूचित गर्नेछ । यदि तपाईलाई कानूनी सहायता अनुमतिप्राप्त भएमा, गुठीयारले सम्झौता करार सहमति कार्यान्वयन गर्नेछ, मिति हालेर एक प्रति तपाईको लागि पठाउँनेछ । तपाईको मुद्दामा त्यसपछि कोषको सहयोग प्राप्त हुनेछ ।

7. **के त्यहाँ दर्ता शुल्क बाहेक अन्य भुक्तानी छ?**

यदि तपाईको मुद्दा असफल भएमा, तपाईले थप भुक्तानी गर्नु जरुरी छैन । कोषले तपाईको सम्पूर्ण शुल्कहरु तथा खर्चहरु तिर्नेछ । यस कुरामा ध्यान दिनु जरुरी छ कि यदि तपाईले सहयोगको आवेदन गर्ने क्रममा तपाईले गुठियारलाई पूरा, सत्य तथा सहि जानकारी नदिएको कारण तपाईको मुद्दा असफल भएमा, मुद्दा सम्बन्धित भोग्नुपरेको सम्पूर्ण नोक्सानी शुल्कहरु, खर्चहरु, दाबीहरु, क्षतिपूर्तिहरु तथा दायित्वहरु तिर्नुपर्नेछ ।

यदि तपाईको मुद्दा सफल भएमा, तपाईले निम्नबमोजिम हिसाबको योगदान कोषलाई तिर्नुपर्छः

(a) तपाईको मुद्दाको लागि भुक्तान गरिएको वास्तविक कानूनी शुल्कहरु तथा विपक्षी पार्टीबाट तिर्नुपर्ने खर्चहरु साथै असुल गरिएको कुनैपनि शुल्कहरु **बाहेक/घटाई**;

(b) कोषद्वारा तपाईको मुद्दाको लागि भुक्तान गरिएको सम्पूर्ण अन्य रकमहरु; तथा

(c) तपाईको तर्फबाट प्राप्त रकमको 10% (विपक्षी पार्टीबाट प्राप्त खर्चहरुलाई गणना नगरी), पुन: प्राप्ति भएका सम्पत्तिको मूल्य वा तपाईको लागि छुट्याईएको, तपाईको दायित्व घटाईएको वा रद्द गरिएको रकम वा मुद्दामा तपाईले प्राप्त गर्नुभएको कुनैपनि लाभ (नाफा मूल्य)

यो योगदान स्मल क्लेम्स् ट्राईब्युनलमा तोकिने वा तोकिन सक्ने मुद्दाहरुको हकमा 25% साथै अन्य सम्पूर्ण मुद्दाहरुमा, नाफा मूल्यको 50% हुनेछ ।

तपाईले नगद वा सम्पत्ति प्राप्त गरेमा, पुन प्राप्ति गरेमा वा तपाईको लागि तोकिएमा वा तपाईले राख्न अनुमति प्राप्त भएमा वा तपाईले अन्य कुनै प्रकारका लाभ प्राप्त गरेमा वा तपाई माथिको कुनै दाबीहरु रद्द भएका परिस्थितिहरुमा तपाईको मुद्दा सफल भएको ठहर हुनेछ ।

गुठीयारले उचित परिस्थितिहरुमा, तिर्नुपर्ने योगदान घटाउन वा छुट दिन सक्दछ ।

8. **रकमहरु कसरी भुक्तानी गरिनेछ?**

तपाईको मुद्दामा तपाईलाई भुक्तान गर्नुपर्ने सम्पूर्ण नगदहरु पहिले गुठीयारलाई भुक्ता**नी गरिनेछ** । खर्च गर्न प्राप्ति कुनैपनि नगद तपाईको मुद्दाका लागि लागेका कानूनी शुल्कहरु तथा खर्चहरु साथै अन्य रकमहरु भुक्तान गर्न प्रयोग गरिनेछ । सम्पर्ण अन्य नगदहरुले गुठीयारको जरुरत अनुसारका योगदानका भागहरुलाई समेट्नेछ । बाँकी रकम छिटो भन्दा छिटो भुक्तानी गरिनेछ । यदि तपाईको मुद्दा सफल हुन्छ तर नगद भुक्तानी बिना भएमा, तपाईले सो योगदान गुठीयारले जहिले र जसरी भन्छ सो तवरले तिर्नुपर्नेछ ।

9. **के तपाईले सोलिसिटर वा ब्यारिस्टर रोज्न सक्नुहुन्छ?**

गुठीयारले तपाईको मुद्दा सम्हाल्न सोलिसिटर र, यदि जरूरी भएमा, ब्यारिस्टर नियुक्त गर्नेछ ।

10. **के प्राप्त कानूनी सहयोग समाप्त हुन सक्छ?**

गुठीयारले कुनैपनि समयमा तपाईलाई कानूनी सहायता प्रदान गर्ने यसको सम्झौता रद्द गर्न सूचना दिन सक्छ । यस्ता परिस्थितिहरुमा, सो सहयोग प्रदान हुन रोकिनेछ र तपाई र गुठीयार दुबै एक-अर्का बीच थप उत्तरदायित्व वा दायित्वहरुमा हुनुहुने छैन ।

यदि तपाईले सहयोगको आवेदन गर्ने क्रममा तपाईले गुठियारलाई पूरा, सत्य तथा सहि जानकारी नदिएको कारण तथापि गुठीयारले तपाईलाई सहयोग प्रदान गर्ने सम्झौता रद्द गरेमा, तपाईले मुद्दा सम्बन्धित गुठियारलाई तपाईलाई सहयोग प्रदान गर्दा भोग्नुपरेको सम्पूर्ण नोक्सानी शुल्कहरु, खर्चहरु, दाबीहरु, क्षतिपूर्तिहरु तथा दायित्वहरु तिर्नुपर्नेछ ।

यस पर्चामा दिईएको जानकारी सन्दर्भको लागि मात्र हो । कृपया तपाई तथा गुठीयारको अधिकारहरु तथा उत्तरदायित्वहरुका लागि आवेदन तथा सम्झौतामा हेर्नुहोस् ।

संशोधित मिति : 2016

[Form 1]

# उपभोक्ता कानूनी कारवाही कोष
# कानूनी सहायताको लागि आवेदन

**भाग 1 आवेदकको विवरण**

1. **नाम** (**अंग्रेजी**) ______________________________

(**चिनियाँ**) ______________________________

2. HKID नं/परिचय पत्रहरुको विवरणहरु

______________________________

3. आवासीय ठेगाना ______________________________

______________________________

______________________________

**टेलिफोन**:____________ फ्याक्स: ____________

**पत्राचार ठेगाना** ______________________________

______________________________

______________________________

टेलिफोन: ____________ फ्याक्सः ____________

4. पेशा ______________________________

**भाग 2 मुद्दाका विवरणहरु**

5. तपाईको मुद्दाको बारेमा छोटकरीमा बयान गर्नुहोस्:-

______________________________

______________________________

______________________________

6. यस आवेदनको उद्देश्यहरु बयान गर्नुहोस्:- #

मुद्दा हाल्न/अपिल गर्न ______ प्रतिरक्षा गर्न ______ प्रक्रिया जारी गर्न ______

(मुद्दा नं. ____________ *(यदि लागु भएमा))*

# दिईएको खाँली ठाउँमा [X] चिन्ह लगाउनुहोस् ।

7. के तपाईले पहिले उपभोक्ता कानूनी प्रक्रिया कोष अन्तर्गत कानूनी सहायताको लागि आवेदन दिनुभएको छ? #छ __________ छैन ____________

यदि छ भने, कृपया विवरणहरु बयान गर्नुहोस् :-

_______________________________________________

_______________________________________________

8. के तपाईले वर्तमान मुद्दाका लागि कानूनी सहायता विभाग लिगल एड डिपार्टमेण्टमा कुनैपनि प्रकारको कानूनी सहायताको लागि आवेदन दिनुभएको छ?

# छ __________ छैन __________

यदि छ भने, कृपया परिणाम बताउनुहोस्: परिणाम आउन बाँकी ______

मुद्दा अस्वीकृत__________

मुद्दा स्वीकृत __________

9. के तपाईले वर्तमान मुद्दाका लागि उजुरीहरु सम्हाल्ने प्रहरी, सम्बन्धित सरकारी विभागहरु, ब्युरोहरु वा ट्राईब्युनलहरु (जस्तैः कमिशनर अफ एडमिनिस्ट्रेटिभ कम्पलेन्टस्, इन्स्योरेन्स क्लेम्स कम्पलेन्टस् ब्युरो), वकिलहरु तथा अरुहरुमा कुनै उजुरी दिएको वा कुनै प्रकारको सल्लाह सुझाव खोजेको वा लिनुभएको छ?

# छ _________ छैन ________

यदि छ भने, कृपया विवरण बताउनुहोस् :-

_______________________________________________

_______________________________________________

_______________________________________________

10. सिफारिशको निम्ति स्रोत: -#

स्वयम आवेदन _______________________________________

उपभोक्ता परिषद ___________ सिफारिश मुद्दा नं. ______________

अन्यहरु _______________________________________

_______________________________________________

म यहाँ घोषणा गर्दछु कि माथिका जानकारी सत्य र सहि छन् । म उपभोक्ता परिषद ( गुठी ट्रष्टि) लाई उपभोक्ता कानूनी प्रक्रिया कोष (फण्ड) लाई गुठीयारको रुपमा कुनैपनि स्रोतद्वारा परीक्षण गर्न अधिकार दिन्छु । मैले बुझेको छु कि, यस आवेदनका सन्दर्भमा गुठीयारलाई

# दिईएको खाँली ठाउँमा [X] चिन्ह लगाउनुहोस् ।

यदि मैले कुनैपनि झुटो बयान वा गलत प्रतिनिधित्व गरेमा वा मैले पूरा, सत्य तथा सहि जानकारी प्रदान नगरेमा,म यस कोषबाट तत्काल कानूनी सहायता पाउनबाट अयोग्य हुनेछु र मलाई प्रदान कुनैपनि कानूनी सहयोग तत्काल रद्द हुनेछ र मैले गुठीयार ट्रष्टिलाई यस आवेदन वा प्रदान गरिने कानूनी सहयोगको क्रममा उठ्न सक्ने सम्पूर्ण नोक्सानहरु, शुल्कहरु, खर्चहरु, दाबीहरु, दायित्वहरु तथा क्षतिपूर्तिहरु बेहोर्नुपर्ने हुन्छ ।

____________________________

आवेदकको हस्ताक्षर

____________________________

मिति

<u>जरुरी सूचना:</u>

1. यो आवेदन लागु हुने आवेदन शुल्कको साथ बुझाउनुपर्नेछ जुन फिर्ता हुनेछैन । कृपया **"Consumer Council – CLAF Trust Account"** लाई भुक्तान गरिने चेक तयार गर्नुहोस् ।

2. यस आवेदन तथा आवेदन शुल्क बुझाउँदैमा कोष अन्तर्गत सहायता पाउने पक्का हुनेछैन ।

3. कानूनी सहायताका लागि प्रत्येक आवेदन योग्यता तथा गुणका आधारमा विचार गरिनेछ । यदि कानूनी सहायता अनुमति प्राप्त भएमा,त्यस्ता कानूनी सहायता सम्झौतामा उल्लेख भएनुसार कुनै पनि समयमा रद्द गर्न सकिनेछ ।

4. ***यदि सहायता प्राप्त मुद्दा सफल भएमा, आवेदकले कोषलाई एक योगदान तिर्न जरुरी छ । यो योगदान स्मल क्लेम्स् ट्राईब्युनलमा तोकिने वा तोकिन सक्ने मुद्दाहरुको हकमा 25% साथै अन्य सम्पूर्ण मुद्दाहरुमा, नाफा मूल्यको 50% हुनेछ । योगदानको हिसाब "उपभोक्ता कानूनी कारवाही कोष" साथै"सहयोग प्राप्त उपभोक्तासँगको***

***सम्झौता "मा दिईएको छ ।***

<u>जानकारी तथा व्यक्तिगत विवरण :</u>

1: यस आवेदन बुझाउँदा, आवेदकले साथमा दिएको जानकारी तथा व्यक्तिगत विवरणहरु निम्न उद्‌देश्य(हरु)कालागि प्रयोग गर्न सहमति जनाउँछन्

(a) कोषद्‌वारा कानूनी सहायताको लागि आवेदकको आवेदन अगाडि बढाउन;

(b) आवेदकसँग सम्बन्धित कुनैपनि जानकारी तथा रेकर्डहरु पुष्टि गर्न;

(c) अन्य मिल्दोजुल्दो परिस्थितिहरुका मुद्‌दाहरुसँग मिलाउने प्रक्रिया गर्न;

(d) यदि कानूनी सहायतको आवेदन अनुमति प्राप्त भएमा आवेदकको मुद्‌दा संचालन तथा सम्हाल्न: र/वा

(e) अन्य सम्बन्धित उद्‌देश्यहरु ।

2. माथि उल्लेखित उद्‌देश्यहरुका लागि, गुठीयारले यस मुद्‌दामा संलग्न तेस्रो पक्षीय पार्टीहरु साथै गुठीयारले आवद्‌ध गरेका वकिलहरु, आवेदकको मुद्‌दा तथा वकिलहरुसँग आवद्‌ध भएका पार्टीहरु मिल्दोजुल्दो परिस्थितिहरु भएका आवेदकको मुद्‌दामा संलग्न पार्टीहरु, र अन्य सम्बन्धित व्यक्तिहरु, संगठन तथा सरकारी निकायहरु जस्ता अख्तियारहरुलाई दिईएको जानकारी तथा व्यक्तिगत विवरण खुलासा गर्न सक्दछ ।

3. आवेदकले गुठीयारले राखेको उसको उनको बारे व्यक्तिगत विवरणका लागि अनुरोध गर्न सक्छ र त्यस्ता विवरण सच्याउन गुठीयारसँग अनुरोध गर्न सक्छ । गुठीयारले विवरण दिएको वा सच्याउन अनरोधहरु गरेकोमा उचित शुल्क लिन सक्छ । त्यस्ता अनुरोधहरु लिखित रुपमा र $22^{nd}$ Floor, K. Wah Centre, 191 Java Road, North Point, Hong Kong ठेगानामा गर्नु पर्दछ ।

01.06.2006